PRABHU BANK

## मन्दिर सर-सफाई गरिएको सम्बन्धी प्रेश विज्ञप्ती :

२०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण देशका विभिन्न मठ-मन्दिरहरु समेत क्षतिग्रस्त भएको परिप्रक्ष्यमा प्रभु बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मिति २०७२ बैशाख २६ गते शंखमूलस्थित जगत्नारायण मन्दिरको भग्नावशेष व्यवस्थापन तथा सर-सफाई गरेको छ । बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत सहित करिब साठी जना कर्मचारीहरुको सहभागीता रहेको उक्त कार्यक्रममा प्रभु मनि ट्रान्स्फर एवं प्रभु म्यानेजमेण्टका सञ्चालक र कर्मचारीहरुको पनि सहभागीता रहेको थियो । बैंकको तर्फबाट जगत्नारायण मन्दिर व्यवस्थापन समितिलाई सहयोग स्वरुप सर-सफाईमा प्रयोग हुने सामाग्रीहरु (बेल्चा ५ वटा, कराई ५ वटा र डोको १० वटा) पनि हस्तान्तरण गरिएको छ ।

उक्त महा-भूकम्पका पीडितहरुको उद्धार तथा राहतको लागि यस अघि नै प्रभु बैंक लिमिटेड लगायत प्रभु समूह अन्तर्गतका विभिन्न कम्पनीहरुबाट “प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष” मा १ करोड १ लाख रुपैयाँ सहयोग उपलब्ध गराउनुका साथै विभिन्न जिल्लाहरुमा राहत सामाग्री वितरण गरिसकिएको छ ।

धन्यवाद ।